KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष १९, अंक-१८१ बारा, २०७९ भदौ १० गते शुक्रबार/चतुर्दशी/नेपाल संवत् ११४२ / Friday, Aug. 26 2022/पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

## टाँगियाबस्तिमा विद्युतीकरणको काम सुरु



सिमरा, ९ भदौ/नेपाल विधुत प्राधिकरण सिमरा वितरण केन्द्रले जीतपुरसिमरा उपमहानगरपालिका १६ स्थित टाँगियावस्तीमा विधुत मिटर जडान गर्ने प्रक्रिया सुरु गरेको छ ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रस्तावित क्षेत्रको रुपमा रहेको टाँगियाबस्तीका उपभोक्ताहरुलाई प्राधिकरणले विधुत सुविधा उलपब्ध गराउन लागेको हो । अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सरकारी योजनाका कारण टाँगियाबस्तीमा विधुतीकरण हुन सकेको थिएन् । विमानस्थल निर्माण हुने चर्चा चलेसंगै बस्तिमा विद्युतसंगै स्वास्थ्य, शिक्षा, खानेपानीलगायतका अन्य पूर्वाधारको सुविधाबाट समेत स्थानीय बन्चित हुदै आएका छन । यसअघि विद्युतीकरणको लागि प्राधिकरणले ठेक्कामार्फत सुरु गरेको पोल र तार तान्ने काममा डिभिजन वन कार्यालय बाराले रोक लगाएको थियो ।

विमानस्थल निर्माणको काम सुरु नहुँदासम्म टाँगियाका स्थानीयलाई विधुत सेवा उपलब्ध गराउनका लागि उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा विधुतीकरण भएको हो । विधुतीकरण सुरु हुनुअघि उर्जामन्त्री पम्फा भुषाल, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको टोलीले बस्तिको निरिक्षण गरेको थियो ।

पहिलो चरणमा विधुतीकरण गर्ने काम सम्पन्न गरेको केन्द्रले अहिले मिटर जडानको प्रक्रिया सुरु गरेको हो । मिटर जडानका लागि एक सय रुपैया तिरेर सिमरा वा निजगढस्थित उपवितरण केन्द्रको कार्यालयबाट आवेदन दिन सकिने सिमरा वितरण केन्द्रले जारी गरेको सूचनामा उल्लेख गरेको छ ।

## जिल्ला प्रशासन कार्यालय बारामा ५२ जना मिटरब्याजीविरुद्ध उजुरी दर्ता



कलैया, ९ भदौ/बारा जिल्लामा मिटरब्याजीविरुद्ध बिहीवारसम्म ५२ वटा उजुरी परेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ। सरकारले चर्को ब्याज लिनेविरुद्ध कारबाही गर्ने कार्यक्रम संचालन गरेपछि बारा जिल्लामा पनि पीडितहरुले उजुरी दर्ता गराएका हुन् ।

मिटरब्याज पीडितहरुले जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिनुभयो। उहाँले उजुरी दिने क्रम जारी रहेकोले यो संख्या अझै बढ्ने अनुमान गर्नुभएको छ ।

मिटरब्याजीबाट दु:ख पाएकाहरूका बारेमा अध्ययन गर्न सरकारले गृहमन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुषाललाई संयोजक बनाएर कार्यदल नै गठन गरेर ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पीडितलाई निर्धक्क भएर उजुरी दिन आग्रह गरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा प्रजिअले सम्बन्धित पक्षलाई झिकाएर नियमसङ्गत लेनदेन भएको भए आपसी सहमतिमा उजुरी छिनोफानो गर्न निर्देशन दिइएको छ । सहमति हुन नसकेको खण्डमा उजुरीका सम्बन्धमा कानुनी प्रक्रिया सुरु गर्न प्रहरी कार्यालयमा पठाउन भनिएको छ ।

जिल्ला प्रशासन कार्यालयलाई दिइएको निर्देशनमा स्थानीय निकाय तथा जिल्ला प्रशासन कार्यालयको क्षेत्राधिकार नपर्ने उजुरीको सम्बन्धमा गृह मन्त्रालयलाई जानकारी गराउन निर्देशन दिइएको बताइएको छ । मिटरब्याजीको समेत आम्दानीको आर्थिक स्रोत, जायजेथा तथा सम्पत्तिको स्पष्टता र अनुसन्धान गरी ठूला कारोबारको सम्बन्धमा विशेष छानविन गर्न गृह मन्त्रालयबाट भनिएको छ ।

## वीरगन्ज भन्सार पहिलो महिनामै राजश्व असुलीमा विफल



वीरगन्ज, ९ भदौ/मुलुकको प्रमुख स्थल नाकामा रहेको वीरगन्ज भन्सार कार्यालय चालु आर्थिक वर्षको पहिलो महिनामा राजश्व संकलनको लक्ष्य पुरा गर्न असफल भएको छ ।

चालु आर्थिक वर्ष २०७९/०८० को पहिलो महिना साउनमै वीरगन्ज भन्सारले लक्ष्यभन्दा २ अर्ब २१ करोड ८ लाख ३२ हजार रुपैया कम राजश्व संकलन गर्न सकेको हो । वीरगन्ज भन्सारले लक्ष्यको ८५.५ प्रतिशत मात्र राजश्व संकलन गरेको प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जानकारी दिनुभयो ।

भन्सार विभागले साउनमा वीरगन्ज भन्सारलाई १५ अर्ब २० करोड ७ लाख ५५ हजार रुपैया राजश्व संकलनको लक्ष्य दिएको थियो । तर उसले लक्ष्य भन्दा १४.५ प्रतिशत कम अर्थात १२ अर्ब ९८ करोड ९९ लाख २३ हजार रुपैया मात्र राजश्व संकलन गरेको हो ।साउन महिनामा वीरगन्ज भन्सारले भन्सार महशुलतर्फ लक्ष्यको ६७ प्रतिशत, अन्तशुल्कतर्फ लक्ष्यको ८९ प्रतिशत, मुल्य अभिवृद्धि कर तर्फ लक्ष्यको १ सय १२ प्रतिशत र अग्रिम आयकरतर्फ लक्ष्यको ७८ प्रतिशत मात्र राजश्व असुली गर्न सकेको पौडेलले जानकारी दिनुभयो। बढी राजश्व असुली हुने मालसामानको पैठारी नै कम भएका कारणले त्यसको प्रत्यक्ष असर भन्सार राजश्व असुलीमा परेको प्रमुख भन्सार अधिकृत पौडेलले बताउनुभयो ।

आर्थिक वर्ष २०७२/७३ देखि लगातार राजश्व संकलनको लक्ष्य पुरा गर्न असफल हुदै आएको वीरगन्ज भन्सार गत आर्थिक वर्ष २०७८/७९ मा भने वषर्षिक लक्ष्यभन्दा बढि नै राजश्व संकलन गरेको थियो ।वीरगन्ज भन्सारले गत आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यभन्दा शुन्य दशमलव ५४ प्रतिशतले बढि अर्थात भन्सार विभागले दिएको लक्ष्य भन्दा १ अर्ब ९ करोड ५३ लाख २२ हजार रुपैया बढि राजश्व संकलन गरेको थियो ।

## गौरीशंकर माविमा व्यवस्थापन समिति गठन हुन सकेन



निजगढ, ९ भदौ/निजगढ नगरपालिका वडा नम्बर ८ स्थित गौरीशंकर माध्यमिक विद्यालयको अभिभावक भेलाविद्यालय व्यवस्थापन समिति गठन गर्न विफल बनेपछि स्थागित भएको छ । विद्यालय व्यवस्थापन समिति गठनको लागि बिहीवार आयोजना गरिएको अभिभावक भेला समिति गठन गर्न विफल बनेपछि आगामी आइतवारसम्मको लागि स्थगित गरिएको विद्यालयका प्रधानाध्यापक बद्रीनारायण झाले जानकारी दिनुभएको छ ।

व्यवस्थापन समितिमा अभिभावकहरुबाट चयन गरिने २ जना महिलासहित ४ जना सदस्य पदको लागि ४५ जनाले आकांक्षा देखाएपछि सहमति हुन नसकेको हो । २ जना महिला सदस्यको लागि भने सरिता राई र प्रमिला पराजुली नेपालको नाममा भेलामा सहमति बनेको थियो । तर पुरुष आकांक्षीहरुबीच सहमति हुन सकेको थिएन ।

सबै आकांक्षहरुलाई एकै ठाउँमा राखेर सहमति कायम गर्ने प्रयास गरिएको भए पनि अधिकांशले आफ्नो दाबी नछोडेपछि समिति गठन हुन नसकेको अभिभावक थानेश्वर सापकोटाले जानकारी दिनुभयो । सर्वसहमतिमा समिति गठन गर्ने उद्देश्यले भेला स्थगित गरिएको उहाँले बताउनुभयो ।

४५ जना आकांक्षीबीच फेरि छलफल गरेर निर्णय गर्ने गरी आइतवार दिउसो १ बजेको लागि अर्को भेला आयोजना गरिने विद्यालयले जनाएको छ । विद्यालय व्यवस्थापन समिति गठनको लागि यसअघि बोलाइएको भेलापनि कुनै निर्णयमा पुग्न नसकेपछि स्थगित हुदै आएको थियो । स्थानीय राजनीतिक दल र अभिभावकहरुबीच सहमति हुन नसक्दा २ वर्षदेखि व्यवस्थापन समिति रिक्त रहदै आएको छ । व्यवस्थापन समितिको अभावमा विद्यालयको भौतिक निर्माण लगायत अन्य कार्यक्रमहरु प्रभावित हुदै आएको छ ।

## मधेस प्रदेशमा मुख्यमन्त्री परिवर्तनको प्रयास असफल



काठमाडौं,९ भदौ/मधेस प्रदेशमा मुख्यमन्त्री परिवर्तनको प्रयास असफल भएको छ । मुख्यमन्त्री लालबाबु राउतलाई राजीनामा दिन निर्देशन दिएका जनता समाजवादीका पार्टीमा अध्यक्ष उपेन्द्र यादव नै निर्देशनबाट पछि हटनुभएको हो ।

मुख्यमन्त्री लालबाबु राउतको पार्टी जनता समाजवादीका प्रवक्ता मनिष सुमनले पनि सरकार परिवर्तनको प्रयास असफल भएको स्वीकारगर्नुहुन्छ। उहाँले चुनाव घोषणा भइसकेकाले मुख्यमन्त्री र मन्त्रीहरु हेरफेर सहजनदेखिएको र तत्काललाई केही नहुने बताउनुभयो ।

४ मंसिरको चुनाव घोषणा भएइसके पछि केही दिनअघि अध्यक्ष यादवले राउतलाई राजीनामा गर्न निर्देशन दिनुभएको थियो। तर राउतले राजीनामा दिनुभएको थिएन ।

## अनियमित विद्युत आपूर्तिले बारा र पर्साका उपभोक्ता मारमा

सिमरा, ९ भदौ/बारा र पर्साका उपभोक्ताहरू अनियमित रुपमा हुदै आएको विद्युत् कटौति र कम भोल्टेजको समस्याले आजित भएका छन् ।

चर्को गर्मीकाबीच विद्युत् कटौती र कम भोल्टेजको समस्या भोग्नु परेको स्थानीयले गुनासो गरेका हुन् । तुलनात्मक रूपमा वीरगन्ज क्षेत्रमा भन्दा बारा, पर्साको ग्रामीण क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या देखिने गरेको छ । मुलुक लोडसेडिङ्ग मुक्त घोषणा गरिए पनि त्यस्तो अनुभूति गर्न नपाइएको वीरगन्ज महानगरपालिका वडा नम्बर १० का दिपक सर्राफले बताउँनुभयो ।

छिनछिनमै विद्युत् जाने र रातभरि नआउने समस्या बढेपछि वीरगन्ज लगायत ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाहरू आक्रोशित भएका छन् । पटक पटक बिजुली जाने गरेको

बाँकी तेश्रो पेजमा

## जिप्रका पर्साले बिहान ७ बजेदेखि नागरिकताको प्रतिलिपि दिने




वीरगन्ज, ९ भदौ/जिल्ला प्रशासन कार्यालय पर्साले प्रतिलिपि नागरिकता सेवाको समय परिवर्तन गरेको छ । यसअघि कार्यालय समयमै सबै सेवा प्रवाह हुँदा सेवाग्राहीको भिडभाड बढेको

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी,र समाचारको लागी हेरौं www.ekripa.com

## सम्पादकीय........

# अब निजगढमा सहज होस्

बाराको निजगढ नगरपापालिकामा पछिल्लो समय रमिता देखियो । मन्त्रालयको नियमित सरुवामा परेका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले मन्त्रालयको सरुवा निर्णय उल्टाउदै फेरि निजगढमा नै फर्किने प्रयास गरेपछि नगरपालिका कार्यालयमा रमिता देखिएको थियो र जसको सिधा असर नगरपालिकाको काम कारबाहीमा पनि देखिएको थियो ।

लामो रस्साकस्सीपछि निजगढमा अब प्रमुख प्रशासकीय अधिकृतको टुङ्गो लागेको छ । मन्त्रालयले पछिल्लो पटक सुमन धितालालाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा निजगढमा खटाएको छ । धितालले बुधवारबाट कार्यालयको कामकाजसमेत सम्हालिसक्नुभएको छ ।

प्रमुख प्रशासकीय अधिकृत कार्कीको सरुवा भएपछि मन्त्रालयले हरिलाल पुरीलाई निगगढ खटाएको थियो । तर कार्कीले कार्यालयमा आएर हाजिर गर्न मात्रै के भ्याएका थिए, राजनितिक पहुँचको आडमा कार्कीले आफ्नो सरुवा थमौति गर्नुभयो । उनलाई मन्त्रालयले निजगढबाट बाराको पचरौता नगरपालिकामा सरुवा गरेको थियो । तर निजगढ नगरपालिकाका कार्यपालिका सदस्यहरु भने त्यतिबेलासम्म २ पक्षमा विभाजित भइसकेका थिए । नगर प्रमुख सुरत पुरी र उपप्रमुख सोममाया थिङ्गसहित केही कार्यपालिका सदस्यहरु मन्त्रालयको सरुवा निर्णय उल्टाउदै कार्यालयमा फर्किन लाग्नुभएका कार्कीलाई हाजिर नगराउने पक्षमा उभिए भने कार्यपालिकाका बहुमत सदस्यहरु मन्त्रालयको सरुवापत्र लिएर आएका कार्कीलाई नै हाजिर गराउनुपर्ने पक्षमा थिए । सत्तागठबन्धन कांग्रेश र माओवादीबाट कार्यपालिकामा निर्वाचित सदस्यहहरुले आफूहरु मन्त्रालयको निर्णयको पक्षमा रहेको दाबी गरेका थिए । एमालेबाट निर्वाचित मेयर पुरी र उपमेयर थिङ्ग भने कार्कीको सरुवा भएपछि आएका अधिकृत पुरीलाई काम गर्न दिनुपर्ने अडानमा रहेका थिए । यसैक्रममा मेयर पुरी, उपमेयर थिङ्ग र प्रमुख प्रशासकीय अधिकृत कार्कीको कार्यकक्षमा गरिएको तालबन्दीले नगरपालिका करिव १ महिनासम्म ठप्प बनेको थियो ।

निजगढको प्रमुख प्रशासकीय अधिकृतमा सुमन कुमार धिताल आएसंगै अब धेरै समस्या समाधान भएको विश्वास गर्न सकिन्छ । तर कर्मचारीलाई राजनीतिमा मुछेर आफूलाई सफल बनाउने प्रयास गर्नुभन्दा पनि जनप्रतिनिधिहरुलेआपसमा मिलेर जनताको सेवा गर्नुपर्दछ । बाराको निजगढबाट मधेशका अन्य पालिकाहरुले पनि धेरै कुरा सिक्न जरुरी छ । अब सेवा सहज होस् नगरबासीको चाहना यत्ति हो ।

## सेवाको लागि सम्पर्क गरौ


१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्गिट कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्व्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरू तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरू बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

सम्पर्क
के. एस मल्टिप्रपोज प्रा.लि.
वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५

# परीक्षामा पुराना दल

□ मेखराज उदय

कहिले एमालेको फुट त कहिले माओवादीको स्खलनको फाइदा कांग्रेसले उठाउने गरेको छ ।



सरकारले संघीय संसद् (प्रतिनिधिसभा) र प्रदेशसभाको निर्वाचन मंसिर ४ गते एकै चरणमा गर्ने घोषणा गरेको छ । चुनाव राष्ट्रिय मुद्दा हो । आवधिक निर्वाचन लोकतन्त्रको मुख्य आधार हो । लोकतन्त्र बलियो बनाउन आवधिक निर्वाचन स्वच्छ, भयरहित र स्वतन्त्र हुनुपर्छ । मुलुकमा ६ दशकदेखि संसदीय व्यवस्था छ । नयाँ संविधानले परम्परागत संसदीय व्यवस्थामा केही परिमार्जन गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभामा मिश्रित चुनावी प्रणाली अंगीकार गरिएको छ । जसले बढी मत ल्याउछ उही विजयी हुने विगतको व्यवस्थामा संशोधन गरेर मिश्रित प्रणाली अपनाइएको छ । जसमा प्रत्यक्षसंगै समानुपातिक प्रणाली (प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा) रहने नयाँ व्यवस्था संविधानले गरेको छ ।

केही नयाँ प्रावधान थप भए पनि पुराना दल र पुरानै पात्रहरूको निरन्तरता नै हाम्रो वर्तमान यथार्थता हो । पुराना दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले) आदि र नयाँ थपिन आएको तत्कालीन नेकपा (माओवादी) सहितको राजनीतिक शक्तिद्वारा निर्माण गरिएको वर्तमान संविधानबमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र, (अर्ध) धर्म निरपेक्षता, (आंशिक) समानुपातिक व्यवस्था आदि मूल उपलब्धि प्राप्त भए । संविधान निर्माण प्रक्रियामा घोर असन्तुष्टिबीच सहभागी नरहेका मधेसवादी दल तथा आदिवासी जनजातिका प्रतिनिधित्व गर्ने दलहरू पनि चुनावी प्रक्रियामा सहभागी भइसकेका छन । संविधान निर्माण प्रक्रियादेखि र कतिपय संवैधानिक व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै आए पनि चुनावी प्रक्रियामार्फत राज्यका सबै संरचनामा सहभागी भइसकेका छन् ।

संविधान बाहिर रहेका भनिएका केही कम्युनिस्ट दलहरू पनि विस्तारै संवैधानिक संरचनाभित्र प्रवेश गरिरहेका छन । वर्तमान शासन व्यवस्था र संविधानप्रति नकारात्मक एवं बहिष्कारमा उत्रेका शक्तिहरू समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा कुनै न कुनै समयमा संवैधानिक प्रक्रिया र चुनावमा समेत सहभागी बन्नु संविधानप्रतिको सर्वस्वीकार्यता हो । फेरि लोकतन्त्र एक मात्रै यस्तो व्यवस्था हो, जसले लोकतन्त्र या संविधान स्वीकार नगर्ने शक्तिहरूको हकसमेत सुनिश्चित गर्दछ । त्यस्तो सुविधा अन्य कुनै व्यवस्थामा पाइँदैन । त्यसैले त लोकतन्त्र विश्वकै उत्तम व्यवस्था हो । चुनावको माध्यमद्वारा जनअपेक्षा र दलहरूका कतिपय असन्तुष्टि एवं फरक मतको सम्बोधन गर्न सकिन्छ, भन्ने चेत सबै मान्यता बोकेका दल या शक्तिहरूले बुझ्न ढिला गर्नु हुँदैन । यसले एक प्रकारको राजनीतिक विद्रोहलाई शान्तिपूर्ण र वैधानिक समाधानको बाटोमा ल्याउन मद्दत गर्दछ ।

दलको विकल्प खोज्ने कि व्यक्तिको ?

भर्खरै सम्पन्न स्थानीय तह निर्वाचन परिणामले नागरिकमा व्यापक असन्तुष्टि, निराशा र विकल्पको खोजी भइरहेको देखाउँछ । वर्तमान शक्तिमा रहेका प्रमुख दलहरू र तिनका मुख्य नेतृत्वप्रति नागरिकमा आक्रोश छ । यसलाई कसरी व्यवस्थापन गर्ने, मुख्य सवाल हो । दलको विकल्प दल नै हुन् । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो ।

आसन्न आम निर्वाचनमा विशेषतः कांग्रेस नेतृत्वको वर्तमान सत्ता गठबन्धन र एमाले नेतृत्वको (केही मधेसवादी र राप्रपासहितको) विपक्षी गठबन्धनबीच चुनावी प्रतिस्पर्धा हुने देखिन्छ । केही स्वतन्त्र व्यक्तिले चुनाव जित्न सक्ने आंकलन गरिए पनि तात्विक अर्थ राख्ने गरी संसद्मा उपस्थिति नरहने स्पष्टै छ । जातीय, क्षेत्रीय दलहरूको अर्थपूर्ण उपस्थिति हुने सम्भावना पनि देखिँदैन । अर्थात् सत्ता परिवर्तनमा दक्खल पुऱ्याउने गरी कुनै नयाँ दल या व्यक्ति संसद्मा दरिलो उपस्थिति हुने दिशामा राजनीति मोडिएको अवस्था छैन । संघीयतालाई दीर्घकालीन एवं बलियो बनाउन यो पटकको निर्वाचन महत्त्वपूर्ण हुनै पर्ने अवस्था रहेको छ ।

अर्थात् संघीयता पक्षधर क्षेत्रीय र पहिचानवादी दलहरू प्रदेशसभामा निर्णायक शक्ति बन्नै पर्ने अवस्था रहेको भए तापनि त्यो सम्भावना छैन । प्रतिनिधिसभा र प्रदेशसभाको एकै पटक निर्वाचन गरेर क्षेत्रीय, जातीय राजनीतिक शक्तिको उदय रोक्ने षड्यन्त्र गरियो । संघीयता पक्षधरहरूको उदय हुन नसक्दा संघीय प्रणाली नै बदनाम र असफल उन्मुख बन्दै गएको छ । ज्ञातव्य रहोस्, दलका बेरोजगार कार्यकर्ताको राजनीतिक रोजगारी ग्यारेन्टी गर्नु र केन्द्रमा अवसर दिन नसकिएकालाई प्रदेशमा थन्काउनु मात्रै संघीयताको लक्ष्य होइन । सार्थक संघीयता जरुरी मात्रै होइन, त्यसको औचित्य पुष्टि गर्न नसकिए संघीयताको भविष्य नै समाप्त हुने खतरा जीवितै छ ।

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले मुख्यतः तीन वटा गल्ती गरे । पहिलो :– दुई पटक असंवैधानिक संसद् (प्रतिनिधिसभा) को विघटन गरे । दोस्रो :- सुविधाजनक एकल बहुमतको आफ्नै नेतृत्वको सरकार र नेकपाको एकता एवं एमालेको एकता समेत जोगाउन सकेनन् । र तेस्रो :- सर्वोच्च अदालतको संसद् पुनर्स्थापनासम्बन्धी आदेशको लामो समयसम्म अवज्ञा गर्दै संसद् अवरोध गरे । कुनै स्पष्ट कारणबिना ७ महिना लामो संसद् अवरोध गरी संसदीय मर्यादा, अदालतको आदेश र जनताको सार्वभौम अधिकारको खिल्ली उडाए, त्यसको आत्मालोचना नगरेरै हठात् संसद्को अवरोध खोलिदिए । आज अस्तित्व रक्षाका निम्ति राप्रपासँग चुनावी तालमेल गर्ने बाध्यतामा पुगेको छ, एमाले । यो कम्युनिस्ट पार्टीका लागि लज्जास्पद अवस्था हो ।

देशी, विदेशी शक्तिको आडमा विशाल महत्त्वाकांक्षासहित तत्कालीन नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकता गरिएको थियो । दुई दिशातर्फ स्वार्थको मुख फर्केका कम्युनिस्ट पार्टीबीचको एकताको कुनै सैद्धान्तिक र वैचारिक एकता थिएन । एकताको मूल आधार सत्तास्वार्थ थियो । त्यो सत्तास्वार्थ नमिलेपछि मोर्चासम्म बन्न खोजेको कम्युनिस्ट पार्टीको एकता तहसनहस बन्यो । अन्ततः पार्टी फुट्यो । जुन एकताका कारण र आधार थिए, फुटको कारण र आधारसमेत उही सत्तास्वार्थ र सत्ताद्वन्द्व नै रहे । संघीय सरकारमात्रै होइन ७ मध्ये ६ प्रदेशको कम्युनिस्ट पार्टीको एकमना सरकार ढले । कमजोर प्रतिपक्षी पहिचान बनाएको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा संघीय सरकारको प्रधानमन्त्री बन्न पुगे । प्रदेशहरूमा कांग्रेससहितको साझेदार सरकार बने । अर्थात् संघीय सरकारदेखि प्रदेशसम्म अस्थिरताले राज गऱ्यो ।

यसका मुख्य कारण एमाले अध्यक्ष ओली र माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहालबीचको सत्ताद्वन्द्व र सत्तास्वार्थबाहेक अन्य कुनै कारण थिएन । यद्यपि आफ्नै दलको सरकार ढलाएर कांग्रेसलाई सत्ताको नेतृत्व बुझाएका दाहाल–नेपालले सरकारको नेतृत्व गर्न त परै जाओस्, सरकारमा समेत कमजोर हैसियतमा उपस्थित रहन बाध्य पारिए । आफ्नै नेतृत्वको सरकार ढलाएर कांग्रेसलाई नेतृत्व सुम्पिनु र विशाल पार्टी तोडेर साना-साना झुन्ड बनाउनुको कारण एवं स्वार्थ के थियो ? यस सवालको स्पष्ट जवाफ नदिदासम्म फेरि माओवादी, माधव नेपालको दललाई नागरिकले किन भोट हाल्ने ? यी प्रश्नहरू नेपाली कांग्रेसमाथि नउठ्नु स्वाभाविक हो । किनभने कांग्रेसको इच्छा र रहरले यो सरकार बनेकै होइन । तथापि वर्तमान सरकारका विकृति, गतिहीनता, अलोकतान्त्रिक गतिविधि एवं कमजोरीको भने देउवा र कांग्रेसले जवाफ दिनै पर्दछ ।

ठबन्धन राजनीतिका फाइदा/बेफाइदा

कांग्रेस सशक्त भूमिका खेलेर, जनअपेक्षा पूरा गरेर वा लोकप्रिय कामका आधारमा बहुमत प्राप्त गरेको या ठूलो पार्टी बनेको इतिहास छैन । बरु विपक्षी दलको अकर्मण्यता, फुट र असफलताको फाइदा उठाउँदै सत्ताको नेतृत्व गर्ने अवसर प्राप्त गर्दै आइरहेको छ । कहिले एमालेको फुट त कहिले माओवादीको स्खलनको फाइदा कांग्रेसले उठाउने गरेको छ । कुनै विशेष योजना, जनप्रिय काम, विचार र दृष्टिकोण बिना विपक्षीको अक्षमताका कारण सधैं फाइदा आइलाग्ने कांग्रेसलाई मेहनत गर्नै नपर्ने बनाइदिएको छ । कांग्रेसका लागि अर्को लोकतान्त्रिक छविको प्रतिस्पर्धी दलको समेत अभाव छ ।

सत्ता गठबन्धन र एमालेले बनाउँदै गरेको विपक्षी गठबन्धनले कम्युनिस्ट पार्टी र लोकतन्त्रवादी शक्तिको रूपमा विभाजित गर्न खोजिएको भए तापनि त्यो भ्रम मात्रै हो । उनीहरूको वास्तविक चरित्र एकल जातिवादी रहेको प्रष्ट हुन्छ । लोकतन्त्रवादी र कम्युनिस्ट पार्टीको रूपमा यी दलहरूलाई विभाजित गर्नु जरुरी छैन । साभारः अन्नपूर्णपोष्ट

## राष्ट्रपतिले के गर्न खोजेका छन भन्ने प्रश्न उठेको छः माधव नेपाल

काठमाण्डौ ९ भदौ/ नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले राष्ट्रपति विद्यादेवी भण्डारीले सैनिक अधिकारीहरूसँग भेट गर्नुले शङ्का जन्माएको बताउनुभएको छ ।

बिहीवार पार्टी पुनर्गठन दिवसको अवसरमा काठमाण्डौमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाका अधिकारीहरूलाई निवासमा बोलाएर डिनर गराउनुले शङ्का जन्माएको बताउनुभएको हो । उहाँले कुनै अनिष्ट हुने हो कि भन्ने प्रश्न उठेको बताउनुभयो । उहाँले भन्नुभयो, 'राष्ट्रपतिले सेनाका पूर्व अधिकारीरूलाई निवासमा बोलाएर डिनर गराउनुले शङ्का जन्माएको छ । के गर्न खोजेका छन् राष्ट्रपतिले ? भन्ने प्रश्न खडा भएको छ । भोलि कतै अनिष्ट त हुने होइन ? भन्ने प्रश्न पनि खडा भएको छ ।'

अध्यक्ष नेपालले राष्ट्रपति र नेपाली सेनाका अधिकारीहरूको बीचमा भएको भेटवार्ताको सम्बन्धमा गठबन्धनमा छलफल भएको पनि बताउनुभयो । नेपाली राजनीतिमा प्रतिगामी र राजतन्त्रवादीलगायतका शक्तिहरूको क्रियाशिलताको सम्बन्धमा पनि आफूहरूको नजर पुगिरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष नेपालले गएको पालिका चुनावमा आएको नतिजाप्रति गौरवबोध गर्नुपर्ने बताउनुभयो । उहाँले २७ प्रतिशत उम्मेदवार उठाउँदा नौ लाखभन्दा बढी भोट पाएको उल्लेख गर्दै सबै ठाउँमा उम्मेदवार उठाएको भए २० लाख भोट पाउने दाबी गर्नुभयो । उहाँले २० लाख भोट पाए पार्टीको २० सिटलाई कसैले रोक्न नसक्ने बताउनुभयो । उहाँले आउँदो चुनावमा समानुपातिक मतले पार्टीको हैसियत देखाउने भएकाले पार्टीको चुनाव चिह्न प्रचारप्रसारमा लाग्न कार्यकर्तालाई निर्देशन पनि दिनुभयो । अध्यक्ष नेपालले सबै पालिकामा पार्टीको सङ्गठन निर्माण गर्न र सङ्गठनलाई चलायमान बनाउन निर्देशन दिनुभयो । त्यस्तै पार्टी सङ्गठन र सदस्यहरूको अभिलेखीकरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# जनताको विश्वास र भरोसा कायम राख्न सेनालाई प्रधानमन्त्रीको निर्देशन



काठमाडौं, ९ भदौ ।

रक्षामन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका प्रधानमन्त्री शेरबहादुर देउवाले जनताको विश्वास र भरोसा कायम राख्न नेपाली सेनालाई निर्देशन दिनुभएको छ ।

जङ्गी अड्डामा बिहीबारदेखि सुरु 'कमाण्ड सेनापति समन्वयात्मक बैठक २०७९' को उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले नेतृत्व तहमा रहेका पदाधिकारीको इमान्दारी र कर्तव्य परायणबाट नै मातहतका फौजको हौसला र मनोबल उच्च हुने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री देउवाले देशको सुरक्षा र प्रतिरक्षाजस्तो संवेदनशील जिम्मेवारी बोकेको नेपाली सेनाले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय एकतालाई बलियो बनाउन नेपाली सेनाले महत्वपूर्ण योगदान पुराउँदै आएको स्मरण पनि गर्नुभयो ।

उहाँले सुरक्षा तथा प्रतिरक्षासम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्न, राष्ट्रिय सुरक्षामा दक्ष जनशक्ति स्वदेशमै उत्पादन गर्न तथा सुरक्षासम्बन्धी नीति निर्माण तहमा समान बुझाइ विकास गर्ने उद्देश्यले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो ।

समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेना मित्रराष्ट्रसँगको सन्तुलित सम्बन्धलगायत छिमेकी राष्ट्रको सुरक्षा संवेदनशीलतालाई मध्यनजर राखी राष्ट्रिय स्वार्थमा कुनै पनि किसिमको आघात हुन नदिने पक्षमा सजग र सतर्क रहँदै आएको जानकारी गराउनुभयो ।

प्रधानसेनापति शर्माले नेपाल सरकारको उच्चतम प्राथमिकतामा रहेको काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनालगायतका राष्ट्रिय गौरवका आयोजनामा सम्बन्धित निकायको समन्वयमा स्रोत र साधनको सुनिश्चितता गरी निर्धारित समयभित्र निर्माण सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको जानकारी गराउनुभयो

राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने सबै प्रकारका गतिविधिका सम्बन्धमा नेपाली सेनाले निरन्तर अध्ययन, अनुगमन र विश्लेषण गरिरहेको र त्यसबाट सिर्जना हुनसक्ने राष्ट्रिय सुरक्षा चुनौतीलाई सामना गर्न नेपाली सेना सदैव तयारी अवस्थामा रहेको पनि उहाँले बताउनुभयो ।

सोही अवसरमा रक्षा सचिव किरणराज शर्मा र प्रधानसेनापति शर्माबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षरसमेत भएको थियो । दुई दिने बैठकमा नेपाली सेनाका विभाग, महानिर्देशनालय, कोर र निर्देशनालयका प्रमुख तथा कमाण्ड सेनापतिले आआफ्नो जिम्मेवारी क्षेत्रको वर्तमान वस्तुस्थिति, कार्य समीक्षा एवं सुझावसहितको प्रस्तुतीकरण रहने कार्यक्रम छ ।

उक्त बैठकको निष्कर्ष र सुझावले आगामी दिनमा नेपाली सेनाको नीति तथा योजना निर्माणमा ठोस योगदान पुराउने विश्वास लिइएको छ । रासस

# पर्सामा खो-खोका महिला/पुरुष खेलाडी छनौट



आर.के.चौधरी

सखुवाप्रसौनी, ९ भदौ/जिल्ला खो(खो संघ पर्साको आयोजनार श्री दिपनरायण आदर्श नमुना माध्यमिक विद्यालयको सहआयोजनामा जिल्लाबाट महिला तथा पुरुष खो(खो खेलाडीहरुको छनौंट कार्य सम्पन्न भएको हो ।

सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवको प्रमुख अतिथ्यतामा औरहा पन्चगावास्थित विद्यालयको खेलमैदानमा भएको सो छनौंट कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापक शिवनाथ थारुले गर्नुभएको जिल्ला खो(खो संघ पर्सा अध्यक्ष राजकपुर चौधरीले जानकारी दिनुभयो ।

# ताइवानको रक्षा बजेटमा कीर्तिमानी वृद्धि, नयाँ लडाकु विमान र अत्याधुनिक मिसाइल किन्ने



काठमाण्डौं,९ भदौ/ताइवानले आफ्नो रक्षा बजेटमा कीर्तिमानी वृद्धि गर्ने घोषणा गरेको छ । यस महिनाको सुरुमा चीनले ठूलो सैन्य अभ्यास गरेपछि दुई देशबीचको तनाव बढेको सन्दर्भमा ताइवानले अहिलेसम्मकै ठूलो रक्षा बजेट ल्याउने घोषणा गरेको हो ।

ताइवानले यो वर्ष रक्षा बजेट १३ प्रतिशतले बढाएर १३ दशमलव ७ बिलियन डलर पुऱ्याउने घोषणा गरेको समाचार संस्था एएफपीले जनाएको छ । बजेटलाई संसदले अनुमोदन गर्न बाँकी छ । ताइवानले नयाँ लडाकु विमान, नौसेनाका लागि पनडुब्बी, अत्याधुनिक मिसाइल र वायु सेनाको क्षमता बढाउने कार्यक्रम ल्याएको छ ।

अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवान भ्रमण गरेपछि रुष्ट बनेको चीनले यसै महिनाको सुरुमा अहिलेसम्मकै सबैभन्दा ठूलो सैन्य अभ्यास गरेको छ भने ताइवानले आफ्नो भूमि भएकाले त्यसलाई प्राप्त गर्न सैन्य कारबाही पनि हुन सक्ने चेतावनी दिइरहेको छ । युद्ध भएमा चीनसँग लड्न तयार रहेको जवाफ दिँदै आएको ताइवानलाई अमेरिकाले ठूलो मात्रामा सैन्य सामग्रीको सहयोग गर्दै आएको छ भने हतियार पनि बेच्ने गर्दछ ।

ताइवानमा अमेरिकी प्रभाव कम गर्न र आफ्नो भूमि भनेर गरिने दाबीलाई थप बलियो बनाउन चीनले बेला(बेला ताइवानकै भूमि नजिक पुगेर सैन्य अभ्यास गर्दै आएको छ । गएको वर्ष नौ सय ७० पटक चिनियाँ विमान ताइवानको वायु क्षेत्रमा प्रवेश गरेका थिए । तर यो वर्ष आठ महिनामै नौ सय ८० पटक चिनियाँ विमान ताइवानको वायु क्षेत्रमा प्रवेश गरिसकेका छन् ।

# राष्ट्रपतिले प्रधानमन्त्रीलाई ध्यानाकर्षण पनि गराउनु भएन : गृहमन्त्री खाण



काठमाडौं, ९ भदौ ।

गृहमन्त्री बालकृष्ण खाणले नागरिकता विधेयकलाई पुनर्विचारका लागि फिर्ता पठाउनुअघि राष्ट्रपतिले प्रधानमन्त्रीलाई बोलाएर त्यस विषयमा ध्यानाकर्षण पनि नगराएको बताउनु भएको छ। राष्ट्रपतिले विधेयक वा अध्यादेशलाई जारी गर्नुपूर्व सम्बन्धित पक्षलाई बोलाएर केही विषयमा परामर्श गर्न र यसो किन भयो भनी जिज्ञासा राख्नुलाई अन्यथा मानिँदैन। संवैधानिक राष्ट्रपतिले प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित नागरिकता विधेयक सम्बन्धमा प्रधानमन्त्रीसँग ध्यानाकर्षण गराउनु भएको भए राम्रो हुने भनाइ गृहमन्त्रीको छ।

पत्रकारसँगको कुराकानीमा गृहमन्त्री खाणले सदनले पारित गरेका विधेयक राष्ट्रपतिबाट तुरुन्तै प्रमाणीकरण भएर आएका छैनन् भन्नुभयो। २०७४ सालमा प्रधानमन्त्री शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पनि सरकारले राष्ट्रिय सभा सदस्यका लागि सिफारिस गरेका तीन सदस्यलाई सिफारिस नगरेको पनि उहाँले स्मरण गराउनु भयो।

यो नागरिकता विधेयक ल्याउने क्रममा नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग परामर्श गरिएको चर्चा गृहमन्त्रीले गर्नुभयो। अध्यक्ष ओली प्रधानमन्त्री हुँदा उहाँले ल्याएको नागरिकतासम्बन्धी विधेयकलाई आधार मानेर ल्याउने कुरा भएपछि सोही सोही आधारमा सरकार अगाडि बढेको थियो।

त्यही आधारमा प्रतिनिधिसभाबाट नागरिकता विधेयक पारित गर्दा एमालेका कोही पनि सांसदले 'हुन्न' भन्नु भएन। नेपाल मजदुर पार्टीका सांसद प्रेस सुवालले मात्रै 'हुन्न' भनेर सरकारले ल्याएको नागरिकता विधेयकमा असहमति जनाउनु भएको थियो।

त्यसैगरी, राष्ट्रिय सभामा नागरिकता विधेयक पारित गर्ने क्रममा एमालेको भूमिका त्यही रह्यो। सांसदद्वय खिमलाल देवकोटा र विमला पौडेल राईले मात्रै 'हुन्न' भन्ने पक्षमा मत जाहेर गर्नुभएको थियो। त्यसमा पनि एमाले मौन रहेको थियो।

## अनियमित विद्युत ...

सम्बन्धमा हेटौंडा ग्रिड महाशाखा अन्तरर्गतको वीरगन्ज सव स्टेसनका कर्मचारी आनन्द उपाध्यायले सिस्टम गएको कारण माथिबाटै समस्या भएको बताउनुभयो । उहाँले बारा, पर्सामा ९ वटा फिडर रहेको र केबुल हिट भएर केही समय लाइन जाने गरेको बताउनुभयो ।

वीरगन्जका उपभोक्ताहरूले भने बिजुली एउटा फिडरमा आउने र अर्को फिडरमा जाने गरेको भन्दै प्राधिकरणले अघोषित लोडसेडिङ गरेको आरोप लगाएका छन् । बारा, पर्सा जिल्लामा केही दिनदेखि पटक(पटक विद्युत् आउने र जाने समस्या हुँदा विद्युतीय उपकरणमा समेत समस्या देखिन थालेको उपभोक्ताको गुनासो छ ।

## सत्ता गठबन्धनलाई...

चुनावको जिल्लागत प्रतिवेदन पेस गर्न पनि कार्यदललाई निर्देशन दिएको छ ।

एक नेताका अनुसार बैठकमा नेपाली कांग्रेसले १ सय सिटमा दाबी गरेको छ भने माओवादी केन्द्रले ६० सिटमा दाबी गरेको छ । आजको बैठकमा कांग्रेसका महामन्त्री गगन थापाले १ सय सिट कांग्रेसले पाउनुपर्ने दाबी गर्नुभएको छ । तर प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले ८० देखि ९० सिटसम्म दाबी गर्ने हिसाबले कुरा गरेको स्रोतले जनाएको छ ।

माओवादीले पहिले जितेको ठाउँमा स्वतह सम्बन्धित दलले नै टिकट पाउने र माओवादीले जितेको ठाउँमा भागबण्डा गर्नुपर्ने मागलाई दोस्रो विकल्पका रुपमा अघि सारेको छ ।

## जिप्रका पर्साले बिहान ...

भन्दै जिल्ला प्रशासन कार्यालयले समय परिवर्तन गरेको हो ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले बिहिवार एक सूचना जारी गर्दै यही भदौ १० गतेदेखि १६ गतेसम्म बिहान ७ बजेदेखि १० बजेसम्म प्रतिलिपि नागरिकता सम्बन्धी सेवा प्रवाह हुने जानकारी गराउनुभएको छ ।

प्रतितलिपि नागरिकताका सेवाग्राहीको संख्या बढेर समयमै प्रतिलिपि नागरिकता प्राप्त गर्न नसकेको गुनासो बढ्दै गएपछि बिहानीको समय मिलाइएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताउनुभयो ।

उहाँकाअनुसार सार्वजनिक विदाको दिनबाहेक भोलीदेखि १६ गतेसम्मका लागि बिहान ७ बजेदेखि १० बजेसम्म प्रतिलिपि नागरिकता सम्बन्धी सेवा प्रवाह हुनेछ ।

# नेपालले केन्यालाई ५ विकेटले हरायो



काठमाण्डौ ९ भदौ/ केन्यासँगको पहिलो टी(२० अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाल पाँच विकेटले विजयी भएको छ । नैरोबीको जिमखाना मैदानमा केन्याले दिएको एक सय ३१ रनको लक्ष्य नेपालले चार बल बाँकी छँदै पाँच विकेट गुमाएर भेटायो ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ३३ रन बनाए । यस्तै ज्ञानेन्द्र मल्ले २३, आशिफ शेखले १९, रोहित पौडेलले १२ र पवन सर्राफले एक रन बनाए । आरिफ शेख २० र आदिल अन्सारी दुई रनमा नटआउट रहे । बलिङतर्फ केन्याका लुकास ओलाउच र विराज पटेलले दुई/दुई विकेट लिए ।

यसअघि पहिले ब्याटिङ गरेको केन्याले २० ओभरमा आठ विकेट गुमाएर एक सय ३० रन बनायो । उसका लागि इरफान करिमले ३४ र लुकाउ ओलाउचले १२ बलमा नटआउट ३० रन बनाए । बलिङतर्फ नेपालका सोमपाल कामीले तीन, सन्दीप लामिछानेले दुई तथा अदिल अन्सारी र दीपेन्द्र सिंह ऐरीले एक/एक विकेट लिए ।

नेपाल र केन्याबीचको दोस्रो टी(२० खेल भोलि शुक्रवार, तेस्रो भदौ १२ गते, चौथो भदौ १३ मा र पाँचौं खेल भदौ १४ गते हुनेछ । त्यस्तै नेपालले केन्यासँग तीन एकदिवसीय अभ्यास खेल पनि खेल्ने तालिका छ । तीन एकदिवसीय अभ्यास खेल भदौ १७, १८ र २० गते हुनेछ ।

हामा
आइरन एण्ड स्टील
हामा स्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे ।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिठ्ठा
वीरगंजबाट खुल्ने समय
बिहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# मधेस प्रदेशमा मुख्यमन्त्री, मन्त्री तथा सांसदहरूको सुविधा बढ्यो

जनकपुरधाम, ९ भदौ/मधेस प्रदेश सरकारले मुख्यमन्त्री, मन्त्री तथा सांसदहरूको सेवासुविधा बढाएको छ। गएको साउन २३ गतेको मन्त्रिपरिषद् निर्णय अनुसार ५ भदौमा प्रदेश राजपत्रमा नयाँ तलबमान सार्वजनिक गरिएका छन्।

आर्थिक सङ्कट बढ्दै जाँदा सरकारले व्ययभार बढ्ने गरी मन्त्री र सांसदहरूको सुविधा थपेको र मधेसका मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूचीलाई हेरफेर गरेर प्रदेश सरकारले सेवासुविधामा वृद्धि गरेका हुन्।

मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार बहालवाला मुख्यमन्त्री, मन्त्री, प्रदेश सभाका पदाधिकारी, सांसद र प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यको तलबमा दुई हजार रुपैयाँका दरले वृद्धि गरिएको छ।



मुख्यमन्त्री र मन्त्रीका पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची (१) को १ मा पारिश्रमिक प्रतिमहिना दुई हजार थप गर्ने र गाडीको इन्धनको इकाई दरमा 'लिटर' शब्दको पछाडि 'प्रतिमोटर' शब्द थप गरी सुविधा उपलब्ध गराउने निर्णय गरिएको हो। कानुन न्याय तथा प्रदेश सभा मामिला मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइटमा प्रदेश राजपत्र प्रकाशित गरेको र जसअनुसार अब मधेस प्रदेशका मुख्यमन्त्रीले प्रतिमहिना ६२ हजार ९ सय ७० रुपैयाँ तलब पाउनेछन्।

त्यस्तै मन्त्रीले ५९ हजार ७ सय ८०, राज्यमन्त्रीले ५८ हजार ४ सय ९० र सहायक मन्त्रीले ५५ हजार तलब पाउने भएका हुन्। मुख्यमन्त्रीलाई विगतमा प्रतिमहिना तीन सय लिटर इन्धन प्रदान गर्दै आएकामा अब प्रतिगाडी तीनसय लिटर इन्धन पाउनेगरी मन्त्रिपरिषदबाट निर्णय गरिएका छन्। यसअघि मन्त्रीले प्रतिमहिना २ सय ५०, राज्यमन्त्रीले २ सय २५ र सहायक मन्त्रीले २ सय लिटर सवारी इन्धन पाउँदै आएको थियो

प्रदेश सभाका पदाधिकारी र सांसदकोसमेत दुई हजार रुपैयाँ तलब र सेवासुविधा वृद्धि भएको र प्रदेश सभामुखले अब प्रतिमहिना ६१ हजार, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षका सचेतकले ५९ हजार ७ सय ८०, दलको नेता, सत्तापक्षका प्रमुख सचेतक, विपक्षी दलका प्रमुख सचेतक र सभापतिले ५८ हजार ४ सय ९० रुपैयाँ, दलका प्रमुख सचेतक र सचेतकले ५५ हजार र सदस्यले ५४ हजार ६ सय रुपैयाँ तलब पाउनेछन्।

प्रदेश नीति आयोगका उपाध्यक्षले ५६ हजार ४ सय ९० र सदस्यले ५३ हजार रुपैयाँ तलब पाउँदै आएकामा अब उनीहरूको तलब क्रमश: प्रदेश राज्यमन्त्री तथा प्रदेश सहायकमन्त्रीसरह प्रदान गरिने मुख्यमन्त्री कार्यालयका सचिव शिवनाथ पौडेलले जानकारी दिनुभयो। सचिव पौडेलले बढ्दो महँगीका बीचमा सबैको पारिश्रमिक तथा सेवासुविधामा सामान्य हेरफेर गरिएको जानकारी दिनुभयो।

# सशस्त्र प्रहरीद्वारा सुपौलीबाट ४९ चौपाय नियन्त्रणमा



कृष्ण मोहन साह

सेढवा, ९ भदौ/पर्साको जिराभवानी गाउँपालिकाबाट सशस्त्र प्रहरीले ठूलो संख्यामा राँगा र भैंसी नियन्त्रणमा लिएको छ।

२ नम्बर छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी र सशस्त्र प्रहरी बल १३ नम्बर गण वीरगन्जबाट खटिएको सशस्त्र प्रहरीको टोलीले भारतबाट अबैध रुपमा भन्सार छली नेपाल ल्याउदै गरेको अवस्थामा बुधवार राती तीन बजेको समयमा जिराभवानी गाउँपालिका वडा नम्बर ४ सुपौलीबाट ४९ वटा राँगा र भैंसी नियन्त्रणमा लिएको हो।

नियन्त्रणमा लिइएका रागा र भैंसीलाई थप कारबाहीको लागि वीरगन्ज भन्सार कार्यालयमा पठाइएको सशस्त्र प्रहरी बल २ नम्बर छिनमस्ता बाहिनिका सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेश ठाडामगरले जानकारी दिनुभयो।

# एमाले बैठकमा उम्मेदवारको मापदण्ड तोकिदै



काठमाण्डौ ९ भदौ/ नेकपा एमालेले शुक्रबारदेखि सुरु हुने पार्टी केन्द्रीय कमिटी बैठकका लागि आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनाव केन्द्रित एजेन्डाहरू तय गरेको छ।

बिहीवार पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको पार्टी पोलिटब्युरो बैठकले आउँदो चुनावको तयारीमा केन्द्रित भइ भोलिदेखि सुरु हुने केन्द्रीय कमिटी बैठकको एजेन्डा तय गरेको हो। एमालेको केन्द्रीय कमिटी बैठक भदौ १० र ११ गते बस्दैछ। त्यही बैठकमा लागि आउँदो चुनाव केन्द्रित एजेन्डाहरू पार्टी पोलिटब्युरो बैठकले तय गरेको सचिव योगेशकुमार भट्टराईले न्यूज एजेन्सी नेपालसँगको कुराकानीमा बताउनुभयो। उहाँका अनुसार केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने र त्यसमा सामूहिक छलफल गरी प्राप्त सुझावलाई समावेस गरी पारित गरिनेछ।

त्यसैगरी बैठकमा सात वटै प्रदेशका प्रदेश कमिटीका अध्यक्षहरूले आ(आफ्ना प्रदेश मातहतका निर्वाचन क्षेत्रको अवस्थासहितको रिर्पोटिङ गर्नेछन्। सचिव भट्टराईले आउँदो चुनावमा पार्टीको अवस्थाबारे त्यो रिर्पोटिङले पनि जानकारी गराउने भएकाले प्रदेश कमिटीका अध्यक्षहरूको रिर्पोटिङको विषयलाई पनि केन्द्रीय कमिटी बैठकको एजेन्डा बनाइएको बताउनुभयो। बैठकमा चुनावका लागि घोषणापत्र बनाउने कुरालाई पनि एजेन्डाका रूपमा प्रस्तुत गरिनेछ।

एमालेको केन्द्रीय कमिटी बैठकले आउँदो चुनावका लागि उम्मेदवारहरूको मापदण्ड पनि तय गर्नेछ। पोलिटब्युरो बैठकले पार्टीप्रति प्रतिबद्ध, राजनीतिक, वैचारिक हिसाबले स्पष्ट, जित्न सक्ने, सिनियर र लोकप्रियलाई उम्मेदवार बनाउने निर्णय गरेको र त्यही विषयमा पनि केन्द्रीय कमिटी बैठकमा छलफल हुने सचिव भट्टराईले बताउनुभयो।

बैठकले केन्द्रीय कमिटी बैठकमा फरक मतलाई पनि छलफलमा सहभागी गराउने निर्णय गरेको छ। पार्टी स्थायी कमिटीका नेता घनश्याम भुसालले फरक मत प्रस्तुत गर्ने तयारी गरिरहेका बेला एमाले सचिव भट्टराईले केन्द्रीय कमिटी बैठकमा पनि त्यसबारे छलफल हुने बताउनुभयो।

पार्टीलाई एकताबद्ध राख्दै आजका चुनौतीहरूको सामना गरेर अघि बढ्ने गरी केन्द्रीय कमिटी बैठकमा छलफल हुने एमालेले जनाएको छ।

# संघीय चुनावमा ८७ वटा दलले भाग लिने, समानुपातिकमा पाएको मतको आधारमा चुनाव चिह्नको क्रम

काठमाण्डौ ९ भदौ/ निर्वाचन आयोगले आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधि सभा (सङ्घीय) चुनावमा ८७ वटा र प्रदेश सभामा ७५ वटा राजनीतिक दलले भाग लिने जनाएको छ।

निर्वाचन आयोगले प्रतिनिधि सभा चुनावमा भाग लिनका लागि ८७ वटा दल दर्ता भएको जनाएको हो। त्यसमध्ये एकल रूपमा सहभागी हुने दलको सङ्ख्या ७५ रहेको आयोगले जनाएको छ। त्यस्तै संयुक्त समूहमा सहभागी हुने दलको सङ्ख्या चार वटा रहेको छ।



यस्तै निर्वाचन आयोगले प्रतिनिधि सभा चुनावमा लागि ७९ वटा चुनाव चिह्न रहेको जनाएको छ। त्यस्तै प्रदेशतर्फ जम्मा मधेस प्रदेशमा सबैभन्दा धेरै ७५ वटा दल सहभागी हुने भएका छन्। बाग्मती प्रदेश सभा चुनावमा ७२ दलले भाग लिनेछन्। त्यसैगरी प्रदेश १ मा७०, गण्डकीमा ६६, लुम्बिनीमा ६८, कर्णाली र सुदूरपश्चिम प्रदेशमा ६४/६४ वटा दल सहभागी हुने भएका छन्। प्रदेशतर्फ पनि संयुक्त समूहमा सहभागी हुने दलको सङ्ख्या चार/चार वटा रहेको आयोगले जनाएको छ।

यस्तै निर्वाचन आयोगले राष्ट्रिय यथार्थवादी पार्टी नेपाललाई मोटरसाइकल, सामाजिक लोकतान्त्रिक पार्टीलाई तीन ढुङ्गे अगेनो र त्रिमूल नेपाललाई ओदान चिह्न प्रदान गरेको छ। दर्ता भएका राजनीकि दलमध्ये चुनाव हुनुभन्दा अगाडि कायम रहेको प्रतिनिधि सभा, प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याका आधारमा र प्रतिनिधित्व नगर्ने दलको हकमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य चुनाव २०७९ को प्रयोजनाका लागि अयोगमा दल दर्ता भएको क्रमको आधारमा चुनाव चिह्न मतपत्रमा समावेश गर्ने र यसरी निर्धारण गरिएका चुनाव चिह्न नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको आयोगले जनाएको छ।

# सत्ता गठबन्धनलाई सिट बाँडफाँट टुङ्ग्याउन मुस्किल



काठमाण्डौ ९ भदौ/ आउँदो चुनावमा गठबन्धन गर्ने निर्णय गरेको सत्ता गठबन्धनलाई सिट बाँडफाँट गर्न मुस्किल हुने देखिएको छ।

गठबन्धनले बनाएको ११ सदस्यीय कार्यदलले सिट बाँडफाँटको टुङ्गो लगाउन नसकेपछि बिहीवार शीर्ष नेताहरु बैठक बसेको थियो। तर शीर्ष नेताहरुको बैठक पनि बिना निष्कर्ष टुङ्गिएको छ।

बैठकमा सामान्य छलफल भए पनि निष्कर्षमा पुग्न नसकिएको एक नेताले जानकारी दिए। अब कार्यदलको बैठकमै थप पहल गर्ने र शीर्ष नेताहरुको बैठक बस्ने सहमति भएको छ। शीर्ष नेताको बैठकले अघिल्लो संसदीय चुनाव र गएको वैशाखमा भएको पालिका

बाँकी तेश्रो पेजमा

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापन प्रकाशन तथा प्रसारणाा गर्दा विज्ञापनदाताको नाम, ठेगाना, आधिकारिकता सुनिश्चित गरौं।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
- विज्ञापनन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाश तथाा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रबन्ध संचालक:- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादक:- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाता:-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालय:-निजगढ नगरपालिका वार्डनम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रक:-के.एस. मल्टिप्रपोज प्रा.ली.